# १७. श्री मोहनराज शर्मा

*[संवत् २०४३ साल आश्विन २१ गते रोज ३ का दिन आयोजित समारोहमा 'बैकुण्ठ एक्स्प्रेस' भन्ने ग्रन्थको लागि प्रदान गरिएको संवत् २०४२ सालको 'मदन पुरस्कार' त्यसका रचयिता श्री मोहनराज शर्माले ग्रहण गरेपछि व्यक्त गर्नुभएको उद्‌गार। यो उद्‌गार नेपाली त्रैमासिक अङ्क १०८ बाट उद्धृत गरिएको हो।]*

सम्माननीया रानीसाहेब, गुठीका सदस्यहरू, उपस्थित साहित्यप्रेमी सज्जन र महिलाहरू !

साहित्यलाई म भाषिक कला मान्छु। यसै सन्दर्भबाट म साहित्यिक पुरस्कारको घोषणालाई कलाक्षेत्रको एउटा घटना मान्छु। संरचनात्मक रूपमा कलाक्षेत्र भनेको सामाजिक पर्याधारभित्र स्थित एउटा तत्त्व हो, तसर्थ पुरस्कार-घोषणालाई घुमाउरो पाराले सामाजिक घटना पनि भन्न सकिन्छ। कलाक्षेत्र र सामाजिक क्षेत्रमाझ संरचनागत उपर्युक्त खालको अन्तर्सम्बन्ध रहेको हुनाले नै साहित्यिक पुरस्कारको घोषणा हुँदा खास गरी कलाक्षेत्र र सोमार्फत न्यूनाधिक सामाजिक क्षेत्र पनि आन्दोलित हुने गर्छ। प्रस्तुत सन्दर्भमा आन्दोलित हुनु भनेको कुनै पुरस्कार-घोषणाको प्रतिक्रियामा पाठकीय संवेदनशीलता सजीव, सक्रिय र मुखरित हुनु हो। जुन पुरस्कारको निर्विवाद अथवा विवादास्पद घोषणाका साथै पाठकीय संवेदनशीलतासँग सम्बद्ध लिखित वा मौखिक प्रतिक्रिया जति बढी र व्यापक हुन्छ त्यो पुरस्कार त्यति नै लोकप्रिय र प्रतिष्ठित हुन्छ। यस परिप्रेक्ष्यबाट नेपालका यावत् साहित्यिक पुरस्कारहरूलाई नियाल्दा सबभन्दा बढी पाठकीय प्रतिक्रिया मदन पुरस्कारको घोषणा हुँदा उर्लेको पाइन्छ। यसै आधारमा म मदन पुरस्कारलाई नेपालको सर्वाधिक प्रतिष्ठित र लोकप्रिय साहित्यिक पुरस्कार मान्छु। यस्तो प्रतिष्ठित र महत्त्वपूर्ण राष्ट्रिय साहित्यिक पुरस्कार मेरो नाट्यकृति 'वैकुण्ठ एक्सप्रेस'लाई प्रदान गरिएकामा मैले आफूलाई गौरवान्वित भएको ठानेको छु। साथै यो पुरस्कार व्यापक पाठकीय संवेदनशीलतासँग गाँसिएको तथ्यतर्फ गुठीको ध्यान आकर्षित गर्दै पुरस्कारको निर्णय-प्रतिक्रियामा पाठकीय संवेदनशीलताको समेत सदैव सम्मान होस् भन्ने मनसाय पनि म व्यक्त गर्न चाहन्छु।

आफ्नो कृति पुरस्कारद्वारा सम्मानित हुनु जुनसुकै लेखकका निम्ति पनि सुखद हुन्छ । 'वैकुण्ठ एक्सप्रेस' नामक मेरो नाटक २०४२ को मदन पुरस्कारबाट सम्मानित हुनु निश्चय नै मेरा लागि सुखद कुरो हो, तर आफ्नो कृतिले पाएको यस सम्मान र स्वीकृतिलाई मैले एक्लो 'वैकुण्ठ एक्सप्रेस'ले मात्र पाएको सम्मान र स्वीकृति ठानेको छैनँ । यसलाई मैले नेपालीका सम्पूर्ण समसामयिक एवं आधुनिकतम लेखनले स्वीकृति, प्रतिष्ठा र सम्मान पाएको सम्झेको छु । जहाँको र जुनसुकै पनि आधुनिकतम वा अत्याधुनिक सिर्जनात्मक लेखन समस्त पूर्ववर्ती लेखन एवं त्यसका मूल्य र मान्यतालाई विखण्डित र विघटित गर्दै प्रस्फुटित हुने हुँदा यसले जहाँ पनि ज्यादै गारो गरी र धेरै पछि स्वीकृति पाएको देखिन्छ । २०४२ को मदन पुरस्कारको घोषणालाई मैले यस सन्दर्भबाट हेरेको छु र यसलाई म नेपालीको वर्तमान, अद्यावधिक र आधुनिकतम नेपाली लेखनलाई स्वीकृति दिने दिशातर्फ चालिएको एउटा गहकिलो कदम मान्छु । यसबाट नेपाली साहित्यको समुच्चा विकास-शृङ्खला नवीनतम चरणसँग जोडिन आइपुगेको छ र सम्पूर्ण अत्याधुनिक नेपाली लेखनले स्वीकृति पाएको छ ।

एउटा साहित्यकारका रूपमा आधुनिकता र यथार्थ मेरो प्रतिबद्धता हो । जीवन एवं चेतनाका आधुनिक मूल्य एवं मान्यताअनुरूप सामाजिक एवं मानवीय यथार्थको खोजी र प्रस्तुति मेरो प्रमुख साहित्यिक जिम्मेदारी हो भन्ने मलाई हेक्का छ । साथै वर्तमानमा मभित्र अत्याधुनिकताको मिर्मिरेले समेत उज्यालो चहक फिँजाउन थालेको पनि मैले गहिरो गरी अनुभव गरेको छु । त्यसैले हालको मेरो लेखनलाई आधुनिकताको कक्षबाट निस्केर अत्याधुनिकताको कक्षभित्र पस्ने प्रयास भन्न सकिन्छ । त्यसो त अहिले आधुनिकता र अत्याधुनिकतामाऊ कुनै स्पष्ट विभाजक-रेखा कोर्न सकिन्न तापनि कतिपय अभिलक्षणहरूका माध्यमबाट अत्याधुनिकताको आभासचाहिँ पाउन सकिन्छ । मानिस एवं पदार्थहरू एउटै नियममा बाँधिएर एउटै धारामा बगेको देख्ने धारणा, वैयक्तिकताभन्दा सार्वभौमिकतालाई महत्त्व दिने झुकाउ, यौनलाई मनोवैज्ञानिक होइन आर्थिक दृष्टिबाट हेर्ने प्रवृत्ति आदिका रूपमा अत्याधुनिकताले आफ्नो आभास दिइसकेको छ । अझ स्पष्ट रूपमा भन्ने हो भने औद्योगिक क्रान्तिका फलस्वरूप देखापरेका मूल्य र मान्यताको पुञ्जीभूत प्रवृत्ति आधुनिकता हो भने इलेक्ट्रनिक कल्पवृक्षका फलस्वरूप स्थापित हुन आएका मूल्य र मान्यताको पुञ्जीभूत प्रवृत्ति अत्याधुनिकता हो । यही सन्दर्भमा मैले आफूलाई आफ्ना पछिल्ला केही रचनाहरूमा आधुनिकताबाट अत्याधुनिकतातिर सङ्क्रमण गरेको पाएको छु र 'वैकुण्ठ एक्सप्रेस'लाई म सङ्क्रमणपछिको सृजन मान्छु । यस परिप्रेक्ष्यमा अब क्रमशः मेरो साहित्यिक प्रतिबद्धतामा आधुनिकताको प्रतिशतभन्दा अत्याधुनिकताको प्रतिशत बढ्दै जाने कुरो निश्चित छ । मूल्य र मान्यतागत यो सङ्क्रमण अरू केही होइन, एउटा रचनाकार अद्यावधिक हुने स्वाभाविक प्रक्रिया हो । तसर्थ यसबाट यथार्थप्रतिको मेरो प्रतिबद्धतामा कुनै प्रभाव पर्नेछैन भन्ने मैले ठानेको छु ।

वास्तविक परिवेशमा मानिसको खोजीलाई म यथार्थ भन्छु । रचनामा परिवेशलाई वास्तविक तुल्याएर मानिसको खोजी गर्ने बाटो मेरो होइन, मनोविज्ञान-प्रभावित रचनाकारहरूको बाटो हो । यसका विपरीत वास्तविक परिवेशमा जय पराजय, हानी-लाभ, सुख-दुःख, आशा-निराशा, आस्था-अनास्था, विश्वास-अविश्वास, सङ्गति-विसङ्गति आदिको चाप बेहोर्दै सङ्घर्षरत खुद मानिस र मानवीय सम्बन्धहरूको खोजी मेरो बाटो हो। समसामयिक जीवन र समाज यस्ता यथार्थहरूको अक्षय खानी हो भन्ने मेरो दृढ धारणा छ। समाजमा मानवीय यथार्थका अनन्त र विविध कथाहरू पौलसँग पाइन्छन् र तिनलाई आफ्ना रचनाको कथ्यका रूपमा ग्रहण गर्छु। पुरस्कृत नाटक 'वैकुण्ठ एक्सप्रेस'का सम्वन्धमा पनि यही कुरा लागू हुन्छ। यसमा यात्रुहरूका अन्तर्क्रियाबाट विविध मानवीय सम्बन्धलाई रेखाङ्कित गर्ने प्रयास गरिएको छ भने त्रासदीतर्फ उन्मुख यात्रा र यात्रान्तद्वारा दुर्नियतिपूर्ण मानवीय जीवनको यथार्थलाई उद्घाटित गरिएको छ ।

मेरो साहित्यिक लेखनलाई प्रायः प्रयोगवादी भनिन्छ । यस कुरालाई म अस्वीकार गर्छु। प्रथमतः किन अस्वीकार गर्छु भने साहित्यमा प्रयोगवाद भन्ने कुनै 'वाद' को अस्तित्व नै छैन र द्वितीयतः किन अस्वीकार गर्छु भने जुन कुरालाई अरूले मेरो रचनामा प्रयोगको संज्ञा दिन्छन् त्यसलाई म प्रयोग नभनेर रचना नै मान्छु। आधुनिक एवं अत्याधुनिक दृष्टिकोणबाट हेरेका खण्डमा मेरा रचनामा प्रयोग पनि रचना नै भएर रहेको पाइनेछ। यसको अर्थ प्रयोगसँग मेरो विरोध छ भन्ने पनि होइन, सार्थक प्रयोगको म समर्थक हुँ। मेरा दृष्टिमा त्यो प्रयोग सार्थक हो जो रचनाको अनिवार्य अङ्ग भएर रचनातुल्य हुन सकोस्। रचनातुल्य हुन नसक्ने प्रयोगलाई म निरर्थक र प्रयोजनहीन ठान्छु। म 'प्रयोगवादी' नभएर 'प्रयोगशील'चाहिँ हुँ, तर मेरा प्रयोगहरू कथ्यबाट निर्धारित हुने हुँदा ती प्रयोगको काँचुलीमै नरहेर तिनले रचनाको सिद्ध रूप लिन्छन् भन्ने मान्छु। पुरस्कृत नाटक 'वैकुण्ठ एकसप्रेस'मा वा अन्य कुनै कृतिमा पनि मैले केवल प्रयोगका लागि प्रयोग गरेको छैन, त्यसलाई सिर्जनाको स्तरसम्म ल्याउने प्रयास गरेको छु।

आफ्ना आख्यानात्मक रचनाहरूमा म स्वैरकल्पनाको उपयोग गर्छु र 'वैकुण्ठ एक्सप्रेस' मा पनि मैले यसको वाञ्छित उपयोग गरेको छु। जिउँदा यात्रीहरू वैकुण्ठको यात्रामा लाग्नु निश्चय नै स्वैरकल्पना वा अतिकल्पना हो। अचेल स्वैरकल्पनाको प्रयोगका सम्बन्धमा हामीकहाँ चर्को चर्चा उठेको पाइन्छ। यस्ता चर्चाहरूमा अधिकांश चर्चा स्वैरकल्पनाको विरोधमा रहेको देखिन्छ। स्वैरकल्पनाका विरुद्ध चर्चा उठ्ने प्रमुख कारण यसबारे सीमित जानकारी नै हो भन्ने म ठान्छु। स्वैरकल्पनाको प्राचीन प्रयोग 'मनोरञ्जन' र 'यथार्थदेखि पलायन' का अर्थमा हुन्थ्यो भने यसको आधुनिक प्रयोग सर्वथा भिन्न अर्थमा हुन्छ। 'अयथार्थ ढङ्गमा यथार्थलाई प्रस्तुत गर्ने रीत' का रूपमा स्वैरकल्पनाको आधुनिक प्रयोग हुन्छ र यस रूपमा यो यथार्थका जगमा बलियो गरी उभिएको हुन्छ। यस सन्दर्भबाट प्राचीन स्वैरकल्पना र

आधुनिक स्वैरकल्पना दुई विपरीत कुरा हुन पुगेका छन्। तसर्थ स्वैरकल्पनाको प्राचीन अर्थ र व्युत्पत्तिसँग यसको आधुनिक अर्थ र व्युत्पत्ति मिल्दैन। स्वैरकल्पनाको प्राचीन अर्थलाई मात्र समाएर चर्चा चर्काउनेहरूको सीमित दृष्टि फराकिलो भएर यसको आधुनिक अर्थ र प्रयोजनतर्फ नगएको हुँदा उनीहरूको स्वैरकल्पनासम्बन्धी धारणा र अध्ययन ठुटे छ भन्ने र प्राचीन अर्थका आधारमा आधुनिक स्वैरकल्पनाबारे निर्णायक मत प्रकट गर्नु उनीहरूको खहरे उर्लाइ मात्र हो भन्ने मैले ठानेको छु। आधुनिक अर्थ र प्रयोजन बमोजिम मैले स्वैरकल्पनाको प्रयोग सदैव यथार्थ वा वास्तविकतालाई प्रकट गर्नाका निम्ति गरेको छु। 'वैकुण्ठ एक्सप्रेस' मा प्रयुक्त स्वैरकल्पना पनि यथार्थबाट पलायन नभएर यथार्थको प्रकटीकरण भएको छ। साथै स्वैरकल्पना साहित्यको साध्य नभएर एउटा साधन मात्र भएकाले म यसलाई एउटा साधनभन्दा बढी महत्त्व दिन्नँ।

'वैकुण्ठ एक्सप्रेस'को यात्रा मुख्यत: अँध्यारो पाटाको यात्रा हो। यो अँध्यारो पाटो मानवीय र सामाजिक अँध्यारोको पाटो हो। उज्यालाका भ्रममा 'वैकुण्ठ एक्सप्रेस'को यात्रा झन्झन् अँध्यारातिर भासिन्छ र अन्तत: 'पशुपुर'मा पुगेर यो यात्रा अन्धकारको चरममा चुर्लुम्म डुब्छ। नुक्लियर विभीषिकाले आज विश्वलाई 'पशुपुर' जस्तै त्रासद अवस्थामा पुऱ्याएको छ। नुक्लियर विभीपिकाले उब्जाएको स्थितिलाई म मानव-जीवनको सबभन्दा अँध्यारो पाटो मान्छु। एउटा साहित्यकारको जिम्मेवारी अध्यारो मात्र देखाउनु नभएर उज्यालो वा त्यसको सम्भावना पनि देखाउनु भएकाले मैले 'वैकुण्ठ एक्सप्रेस'मा उज्यालातर्फ पनि सङ्केत गरेको छु। नाटकका दुई अनुकूल पात्र (नायक-नायिका) अन्ततः ढुकुर भएर प्रेमको बोली कुर्लिनु उज्यालो पक्षतर्फको सङ्केत हो। प्रेम (मानवप्रेम) नै अन्धकार (त्रासद स्थिति) बाट उम्काउने बाटो हो भन्ने र मानवीय अँध्यारो पक्षको समाप्ति प्रेमको उज्यालाबाट हुन सक्छ भन्ने मेरो कृतिगत मनसाय रहेको छ। मानवप्रेमबाट नै नुक्लियर विभीषिका रोकिन सक्छ भन्ने मेरो धारणा पनि छ।

म बेलाबेला आत्मविश्लेषण गर्छु। 'वैकुण्ठ एक्सप्रेस'ले मदन पुरस्कार पाएको घोषणा सुनेपछि पनि मैले आत्मविश्लेषण गरें। आत्मविश्लेषणका क्रममा सदाझैं यसपटक पनि मैले आफूलाई धुप्रैधुप्रै कमजोरी भएको एउटा साहित्य-अभ्यासीका रूपमा पाएको छु। मैले आफ्ना धुप्रै दुर्बलताहरू हटाउनु छ भन्ने र अझै म आफ्नो लेखनको आरम्भिक चरणमा नै छु भन्ने पनि मलाई बोध भएको छ। यसका साथै पुरस्कारको घोषणाले मलाई आफ्ना साहित्यिक यात्राको प्राथमिक चरणबाट बलिया र दरा ढेग सारेर दुर्बलताहरूलाई कुल्चिँदै अघि सर्ने बल पनि दिएको छ। यसका निम्ति म पुरस्कारदाता सबैको अत्यन्त अनुगृहित छु।

धन्यवाद!

⊠ ⊠ ⊠